## सूचना २

श्री ५ को सरकारले मिति २०४३।११।१२ को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूह, राजपत्राङ्कित तृतीय श्रेणी, पदसंकेत । उ । खा । भू । ०७।७३, खानी तथा भूगर्भ विभागका केमिष्ट श्रीमती लीला श्रेष्ठलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

---

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४३।१०।२६ को निर्णयानुसार मालपोत विभागका महानिर्देशक श्री हरिहर शर्मा वाग्लेलाई राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव स्तर) को पदमा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

खण्ड ३६ मिति २०४३।१२।३० संख्या ५२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित गृह मन्त्रालयको सूचना १ को दफा १२ को खण्ड (क) मा "श्री" पछि "५" हुनुपर्नेमा केही प्रतिहरूमा "५" मुद्रण नभएको देखिएकोले भूलसुधार गरिएको छ ।

श्री ५ को सरकारको छापाखाना



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२०